तिलागुफा नगरपालिका

# तिलागुफा नगर कार्यपालिकाको कार्यालय

कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०५।०९

## मिति ०७६।०५।०९ मा बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१० : लक्ष्यित कार्यक्रम कार्यान्वयन सम्वन्धमा :** चालु आ.व.०७६।७७ को वार्षिक बजेटमा उल्लेखित् लक्ष्यित कार्यक्रमहरु मध्ये नगरपालिकाका सबै वडामा समानरुपमा कार्यान्वयन हुने ३६ वटा क्रियाकलाप समेटेर तयार गरिएको लक्ष्यित कार्यक्रम कार्यान्वयन योजना ०७६।७७ स्वीकृत गर्ने । उक्त कार्यान्वयन योजनामा कुनै खास वडामा संचालन हुने कार्यक्रम (जस्तै : होमस्टे संचालन, मासु पसल सुधार आदि) समेत समावेश गरी सबै वडामा कार्यक्रम कार्यान्वयन प्रकृया अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं.११ : वडास्तरमा नियमित अर्न्तक्रिया संचालन गर्ने सम्वन्धमा :** चालु आ.व.०७६।७७ वार्षिक बजेटमा उल्लेखित् महिला/दलित/कृषक/व्यवसायी/शिक्षक/वालवालिकासँग वडाप्रतिनिधिको नियमित छलफल कार्यक्रमलाई मासिकरुपमा ६ वटाका दरले वडाले तत्काल संचालन गर्ने । यस्ता कार्यक्रमको नियमित तालिका बनाई नगरका पदाधिकारी र कर्मचारीहरुलाई पनि सहभागि हुन अभिप्रेरित गर्ने ।

**निर्णय नं.१२ : उपभोक्ता समितिका रोक्का खाता फुकुवा गर्ने** : गत आ.व.०७५।७६ को अन्त्यमा कतिपय उपभोक्ता समितिहरुले कामको अन्तिम फिनिसिंग नगरेको कारण वडाध्यक्षहरुको सिफारिस तथा सहमतीमा रोक्का राखिएका खाताहरु प्राविधिक शाखा तथा वडाध्यक्षको सिफारिस बमोजिम फुकुवा गर्ने । यसरी फुकुवा गर्दा संभव भएसम्म अनुगमन समितिले स्थलगत अनुगमन गरी तत्काल प्रतिवेदन दिने व्यवस्था मिलाउने ।

**निर्णय नं.१३ : आर्थिक सहायता गर्ने** : मोटरसाइकल दुर्घटनामा परी घाइते हुनु भएका वडा नं. १ का वडाध्यक्ष दलबहादुर कटुवाललाई उपचारका लागि व.शि.नं २७१११ अन्य सामाजिक सुरक्षा बजेटबाट रु. २५००० (अक्षेरेपि रु. पच्चीस हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं.१४ : प्रहरी चौकी खल्लागाडलाई सोलार उपकरण उपलब्ध गराउने** : यस नगरपाीलकाको वडा नं. ६ खल्लागाडमा रहेको नेपाल प्रहरीको युनिटलाई संचार उपकरण संचालन गर्न आवश्यक पर्ने सोलार पाता, बेट्री लगायतका सामग्रीहरु उपलब्ध गराउने ।

**निर्णय नं.१५ : विद्यालयहरुको लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्तिका लागि सूचना प्रकाशन गर्ने :** नगर शिक्षा नियमावली, २०७४ को नियम ८८. मा प्रत्येक वर्ष नगर कार्यपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने व्यवस्था बमोजिम आ.व. ०७४।७५ र आ.व.०७५।७६ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्तिका लागि ७ दिनको म्याद दिई सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.१६ : करारमा कर्मचारी भर्ना गर्न विज्ञापन गर्ने :** नगरपालिकाको वार्षिक बजेटमा समावेश भएका र कार्यालयलाई आवश्यक पर्ने देहायका पदहरु देहाय बमोजिम समावेशी सिद्धान्तलाई समेत ध्यान दिई पदपुर्तिका लागि विज्ञापन प्रकृया अघि बढाउने ।

| सि.नं. | वि.नं. | किसिम | पद | सेवा | तह | माग पद | न्यूनतम शैक्षिक योग्यता | मासिक सुविधा रु. | दर्खास्त दस्तुर रु. | गर्नुपर्ने मुख्य कार्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७६/०७७ | खुला | ना.प्रा.स. | कृषि | सहायक स्तर चौथो | २ | मान्यता प्राप्त शिक्षण सस्थाबाट १५ महिने P.J.T.A पास गरेको | २०,०००/- | ४००/- | कृषि सम्बन्धित तोकिएको कार्य |
| २ | ०२/२०७६/०७७ | महिला | ना.प्रा.स. | कृषि | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण सस्थाबाट १५ महिने p. J.T.A पास गरेको | २०,०००/- | ४००/- | कृषि सम्बन्धित तोकिएको कार्य |
| ३ | ०३/२०७६/०७७ | खुला | ना.प.स्वा.प्रा. | कृषि | सहायक स्तर चौथो | २ | मान्यता प्राप्त शिक्षण सस्थाबाट १५ महिने V. J.T.A पास गरेको | २०,०००/- | ४००/- | पशु सम्बन्धित तोकिएको कार्य |
| ४ | ०४/२०७६/०७७ | दलित | ना.प.स्वा.प्रा. | कृषि | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण सस्थाबाट १५ महिने V. J.T.A पास गरेको | २०,०००/- | ४००/- | पशु सम्बन्धित तोकिएको कार्य |
| ५ | ०५/२०७६/०७७ | खुला | अ.न.मि. | स्वास्थ्य | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.न.मि बिषय पास गरेको | २०,०००/- | ४००/- | स्वास्थ्य सम्बन्धित तोकिएको कार्य |
| ६ | ०६/२०७६/०७७ | खुला | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | ३ | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.हे.ब. बिषय पास गरेको | २०,०००/- | ४००/- | स्वास्थ्य सम्बन्धित तोकिएको कार्य |
| ७ | ०७/२०७६/०७७ | महिला | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | २ | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.हे.ब. बिषय पास गरेको | २०,०००/- | ४००/- | स्वास्थ्य सम्बन्धित तोकिएको कार्य |
| ८ | ०८/२०७६/०७७ | दलित | अ.हे.ब. | स्वास्थ्य | सहायक स्तर चौथो | १ | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.हे.ब. बिषय पास गरेको | २०,०००/- | ४००/- | स्वास्थ्य सम्बन्धित तोकिएको कार्य |
| ९ | ०९/२०७६/०७७ | खुला | का.स. | प | श्रेणी बिहिन | २ | साधारण लेख-पढ | १४५००/- | ३००/- | कार्यालयका विभिन्न शाखामा तोकिएको कामकाज |
| १० | १०/२०७६/०७७ | खुला | एम्बुलेन्स चालक | | श्रेणी बिहिन | १ | साधारण लेख-पढ गर्न जान्ने र हलुका सवारी चालक अनुमति पत्र भएको | १८,०००/- | ३००/- | एम्बुलेन्स चलाउने |
| ११ | ११/२०७६/०७७ | खुला | ह.स.चा. | | श्रेणी बिहिन | १ | साधारण लेख-पढ गर्न जान्ने र हलुका सवारी चालक अनुमति पत्र भएको | १८,०००/- | ३००/- | नगरपालिकाको सवारी साधन चलाउने |
| १२ | १२/२०७६/०७७ | खुला | चौकीदार | | श्रेणी बिहिन | १ | साधारण लेख-पढ | १४५००/- | ३००/- | कार्यालयले तोकेको कामकाज |

मासिक चारहजार पारिश्रमिक पाउने गरी प्रत्येक वडामा नियुक्त हुने पोषण सहजकर्ताका हकमा उपयुक्त उम्मेदार चयन गरी नियुक्ति गर्ने जिम्मेवारी सम्वन्धित् वडालाई नै प्रदान गर्ने ।

**निर्णय नं..१७ : कर्णाली प्रदेश सरकारबाट समपुरक अनुदानका लागि आयोजना प्रस्ताव गर्ने :** कर्णाली प्रदेश सरकारबाट समपुरक अनुदान अर्न्तगत माग भई आएका ३ वटा आयोजना तर्फ चालु आ.व.मा प्रति आयोजना रु. ५० लाखका दरले स्वीकृत गरिएका आयोजनाहरुलाई मर्ज गरी देहायका आयोजनाहरु प्रस्ताव गरी पठाउनुका साथै उक्त योजनाहरुको कार्यान्वयनका लागि प्राविधिक शाखाले इ-टेण्डरको प्रकृया अघि बढाउने ।

| सि.नं. | आयोजनाको नाम | लागत अनुदान |
|---|---|---|
| १ | गाल्जे चिल्खायादेखि रुडु ग्रामीण सडक | १०१३९२०४।४० |
| २ | ओखरभिट्टा, छाप्रे, बालीचौर, जुविधा सडक | १००७३०७३।५९ |
| ३ | पानीखाल, राँचुली, धनाडा ग्रामीण सडक | १०२८८१३०।११ |

**निर्णय नं..१८ : स्वास्थ संस्था निर्माणको ठेक्का सम्झौता गर्ने :** बहुवर्षिय ठेक्का प्रकृया अर्न्तगत आ.व. ०७५।७६ मा ठेक्का प्रकृया भै सम्झौता हुन बाँकी रहेका ठेक्का मध्ये बैंक ग्यारेन्टी भेरिफाई भै सकेकाका हकमा सम्झौता गर्ने तथा बैंक ग्यारेन्टी पेश नगर्नेका हकमा नियमानुसार धरौटी जफत गरी दोश्रो स्थानमा रहेकालाई आसयपत्र दिई धरौटी माग गरेर समयभित्र धरौटी पेश गरेमा सम्झौता गरी काम गराउने । सम्झौता पछि ठेकेदारले पेश्की माग गरेमा बैंक ग्यारेन्टी लिई संघीय सरकारको नीति अनुरुप निर्माणस्थलको साइटमा पुगि साइट क्लियरेन्स गरे पछि पाँच प्रतिशत तथा कार्यारम्भ गरेपछि पाँच प्रतिशत गरी जम्मा दश प्रतिशत मात्र पेश्की दिने व्यवस्था मिलाउने ।

निर्णय प्रमाणीकरण

उद्धबप्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत